# आ.ब. २०६६/०६७ को चौंथो त्रैमासिक प्रतिवेदन

**धितोपत्र दर्ता तथा निष्क्रशन नियमावली, २०६५ को अनुसूची १४ (नियम २२ को उपनियम (२) संग सम्बन्धित)**

१ **वित्तीय विवरण ***

(क) त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरण : वासलात तथा नाफा-नोक्सान सम्बन्धी विवरण माथि प्रकाशित गरिएको छ ।

(ख) न्यूनतम रुपमा प्रमुख वित्तीय अनुपातहरु सम्बन्धी विवरण :

| | | | |
|---|---|---|---|
| प्रतिशेयर आम्दानी | रु २२.२८ | प्रतिशेयर कूल सम्पत्तिको मूल्य | ८४०.७१ |
| P/E ratio | २१.७७ | तरलता अनुपात | २०.४३ |
| प्रतिशेयर नेटवर्थ | रु.१३६.५९ | | |

२ **व्यवस्थापकीय विश्लेषण** : समिक्षा अवधिको वित्तिय प्रगतिका आधारमा प्राप्त उपलब्धिहरु उत्साह जनक रहेको छ। गुणस्तरीय सेवा प्रदान गर्नुका साथै नयाँ व्यवसायिक योजनाको विकास लगानी क्षेत्रहरुको खोजी, व्यवसायिक संजाल वृद्धि, व्यवसय विविधिकरण तथा संस्थाले व्यवसायिक रुपमा सम्भाव्य देखिएको स्थानहरुमा शाखा विस्तार गर्दै जाने लक्ष्य अनुरुप कान्ती राजपथ, हेटौंडा र चुच्चेपाटी चाबहिलमा शाखा कार्यालय खोली कार्य संचालन गरी सकेको छ। संस्थाले आवश्यक मात्रामा तरलता व्यवस्थापन गरेको छ। यस वित्तिय संस्थाको पूँजी वृद्धिको लागि ३:२ हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित भए अनुसार स्वीकृत तथा निस्काशनको प्रक्रियामा रहेको छ।

३ **कानूनी कारवाही सम्बन्धी विवरण** : यस सम्बन्धमा संस्थाको तर्फबाट कुनै मुद्दा दायर भएको छैन ।

४ **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण** : यस विषयमा यस वित्तिय संस्थाको शेयर कारोवार नियमित रहेको, शेयरको बजार मुल्य बुक भ्यालु भन्दा माथि रहेको र साधारण शेयर सर्वसाधारणमा छरिएर रहेको तथा हाल सम्मको संस्थाको कारोवार सन्तोषजनक रहेको व्यवस्थपनको धारण रहेको छ।

**(स्टक एक्सचेन्ज लि. को वेवसाइट अनुसार)**

अधिकतम मूल्य : ४८५ न्यून्तम मूल्य : ४८५ अन्तिम मूल्य : ४८५

कारोबार भएको कूल दिन : १ कारोबार संख्या : २०

५ **समस्या तथा चुनौती** : देशमा वित्तिय संस्थाहरुको स्थापना शाखा विस्तार गर्ने कार्यकम, वैकिङ्ग क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा, निक्षेप व्याजदरमा वृद्धि, विद्युत आपुर्तिको समस्या र औद्योगिक एवं व्यापार व्यवसायमा देखिएको शिथिलता , लगानीको लागि उपयुक्त वातावरण बन्न नसक्नु मुलुकमा भएको अस्थिरताको साथ विद्यमान विभिन्न कारणले बैकिङ्ग व्यवसायलाई समेत तिब्र प्रतिस्पर्धा बनाएको छ। यस्ता परिस्थितिमा आफ्नौ सेवालाई थप गुणस्तरिय एवं परिमार्जित गर्दै सफलताका साथ अघि बढाउनु संस्थाको लागि ठूलो चुनौती रहेको छ।

६ **संस्थागत सुशासन** : संस्थागत सुशासन अभिवृद्धिको लागि व्यवस्थापनद्धारा समय समयमा संस्थाका कर्मचारीहरुलाई प्रशिक्षण दिने गरेको ,सम्वन्धित नियमन निकायहरुबाट जारी निर्देशन ,नियम कानुनहरु पूण रुपमा पालना भएको र सो सम्वन्धमा कर्मचारीहरुलाई सजग रही अद्यावधिक हुन निर्देशन दिने गरेको छ। संस्थाको दिगो बिकासको लागि संस्थागत सुशासन उच्चस्तरमा कायम राख्न व्यवस्थापन र संचालक समिति प्रतिवद्ध छ।

७ **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** : आजका मिति सम्म यस प्रतिवेदनका उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी लिन्छु। साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझे सम्म यस प्रविदनमा उल्लेखित विवरणहरु सत्य,तथ्य र पूर्ण छन्। र लगानीकर्तारुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारी लुकाईएको छैन।

## बोनस शेयर तथा नगद लाभांश वितरण सम्वन्धी सूचना

***नोट:*** **आ.व. ०६२/०६३ को १०% बोनस शेयर तथा ८% नगद लाभाँश आ.व. ०६३/०६४ को १२% बोनस शेयर तथा ५% नगद लाभाँश, आ.व. ०६४/०६५ को १८% बोनस शेयर (बोनस शेयरमा लाग्ने कर शेयरधनीहरुबाट नगदै बुझाउनु पर्ने गरी), आ.व. ०६५/०६६ को १०% बोनस शेयर तथा २% नगद लाभांश तथा ६०% हकप्रद शेयरको शेयर प्रमाण-पत्र वितरण भईरहेकोमा बुझिलिनु नभएका शेयरधनी महानुभावहरुले बुझिलिन आउनु हुन अनुरोध गरिन्छ। आफै उपस्थित हुन नसक्ने भएमा मञ्जुरीनामा लिई पठाईदिनु हुन शेयरधनी महानुभावहरुलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।**

'WE MAKE FINANCING EASY'